# कूटनीतिक आचारसंहिता, २०७७

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरूले विदेशी सरकार, अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी संघ संस्थाहरू, विकास साझेदार लगायतका संघ संस्थाका पदाधिकारीहरूसँग गर्ने भेटघाट, वार्ता, भ्रमणको आदानप्रदान वा अन्य सबै प्रकारका सम्पर्कलाई व्यवस्थित, मर्यादित एवं राष्ट्र हित अनुकूल बनाउन आवश्यक भएकोले,

नेपाल सरकारले यो कूटनीतिक आचारसंहिता बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो आचारसंहिताको नाम "कूटनीतिक आचारसंहिता, २०७७" रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले कुनै एक मुलुकमा दर्ता भई दुई वा सोभन्दा बढी मुलुकमा कानून बमोजिम आफ्ना कार्यक्रम तथा गतिविधि सञ्चालन गर्दै आएका गैरसरकारी संस्था सम्झनु पर्छ।

(ख) "अन्तर्राष्ट्रिय सङ्घ संस्था" भन्नाले संयुक्त राष्ट्रसङ्घ, सो अन्तर्गतका विशिष्टीकृत एजेन्सी र अन्य अन्तरसरकारी सङ्घ संस्था सम्झनु पर्छ र सो शब्दले क्षेत्रीय तथा उपक्षेत्रीयस्तरका अन्तरसरकारी सङ्घसंस्था र तिनका सचिवालय वा प्रतिनिधि कार्यालय समेतलाई जनाउँछ।

(ग) "अनुगमन समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

(घ) "नेपाली नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, नेपाली महावाणिज्यदूतावास (कन्सुलेट जनरल) तथा वाणिज्यदूतावास (कन्सुलेट), र नेपाल सरकारले विदेशमा आवासीय रूपमा वा खास प्रयोजनको लागि अस्थायी रूपमा काम गर्ने गरी तोकेको निकाय सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालय सम्झनु पर्छ।

(च) "राजनीतिक दलका पदाधिकारी" भन्नाले प्रचलित कानून बमोजिम निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक सङ्गठन वा दलका केन्द्रीय कार्यकारिणी समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले उक्त समितिका प्रमुख लगायत अन्य पदाधिकारीलाई समेत जनाउँछ।

(छ) "विदेशी नियोग" भन्नाले नेपालस्थित विदेशी राजदूतावास, नियोग, महावाणिज्यदूतावास (कन्सुलेट जनरल), वाणिज्यदूतावास (कन्सुलेट) वा सम्पर्क कार्यालय सम्झनु पर्छ र सो शब्दले नेपालका लागि सहप्रमाणिकृत विदेशी राजदूतावास तथा नियोगलाई समेत जनाउँछ।

(ज) "विदेशी पदाधिकारी" भन्नाले विदेशी सरकार, विदेशी कूटनीतिज्ञ, विदेशी नियोगका पदाधिकारी, विदेशी राजनीतिज्ञ तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाका पदाधिकारी एवं प्रतिनिधि सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले कूटनीतिक उन्मुक्ति तथा सुविधा दिने गरी तोकिएका अन्य पदाधिकारी समेतलाई जनाउँछ।

(झ) "सार्वजनिक निकाय" भन्नाले नेपालको संविधान एवं प्रचलित कानून बमोजिम कायम रहेका तथा गठन हुने सङ्घ, प्रदेश तथा स्थानीय तहका निकाय र सङ्गठित संस्था सम्झनु पर्छ।

(ञ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले नेपालको संविधान, अन्य प्रचलित कानून वा सम्वन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व वहन गर्नु पर्ने सङ्घ, प्रदेश तथा स्थानीय तहको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सङ्गठित संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी वा राज्यकोषबाट पारिश्रमिक तथा सुविधा पाउने व्यक्ति समेतलाई जनाउँछ।

३. <u>आचारसंहिताको पालना</u>: (१) यो आचारसंहिता सार्वजनिक पद धारण गरेका व्यक्ति र राजनीतिक दलका पदाधिकारीलाई लागू हुनेछ।

(२) यो आचारसंहिताको पालना गर्नु सम्वन्धित सबैको कर्तव्य हुनेछ।

४. <u>शिष्टाचार भेट, औपचारिक वार्ता तथा बैठक</u>: (१) विदेशी पदाधिकारीसँग शिष्टाचार भेट, विदाइ भेट, औपचारिक वार्ता वा बैठक गर्दा मन्त्रालय र विषयसँग सम्वन्धित मन्त्रालयलाई पूर्व जानकारी गराइ त्यहाँका प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ।

(२) विदेशी पदाधिकारीसँग शिष्टाचार भेट बाहेकका सम्पर्क तथा सारभूत छलफल वा वार्ता गर्नुपूर्व विदेशी पदाधिकारीले उठान गर्न चाहेको विषयको बारेमा लिखित जानकारी माग गर्नु पर्नेछ र सोही बमोजिम कार्यसूची तय गरी आवश्यक तयारी गर्नु पर्नेछ। यस्तो छलफल वा वार्ताको स्तर, विषयवस्तुको पृष्ठभूमि तथा उठाउनुपर्ने विषयवस्तुको गम्भीरता र विदेशी पदाधिकारीले उठान गर्न सक्ने विषयहरू समेत विचार गरी आफ्नो धारणा बनाउनुपूर्व विषयगत निकाय तथा मन्त्रालयको राय सुझाव तथा सल्लाह लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको वार्ता वा छलफल गर्दा आफ्नो समकक्षीसँग गर्नु पर्नेछ।

तर विषयवस्तुको गम्भीरता र राष्ट्रको सर्वोपरि हितलाई हेरी व्यावहारिकता एवं सम्बन्धित देशको विद्यमान पदसोपान र अधिकार प्रत्यायोजनसम्वन्धी व्यवस्था समेतलाई ध्यानमा राखी उपयुक्त तहका अन्य विदेशी पदाधिकारीसँग पनि छलफल वा वार्ता गर्न सकिनेछ।

(४) विदेशी पदाधिकारीसँग भेटघाट, वार्ता, छलफल वा बैठक गर्दा आफ्नो कार्यालय वा उपयुक्त स्थानमा गर्नु पर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) विदेशी पदाधिकारीसँग भेटघाट, छलफल वा वार्ता गर्दा मुलुकको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता, स्वाधीनता, नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय हितको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

(६) सङ्घ तथा प्रदेशका मन्त्रालय, स्थानीय तह र सङ्गठित संस्थाका पदाधिकारीहरूले विदेशी पदाधिकारीहरूसंग गरेका भेटघाटको विवरण सहितको प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

(७) विदेशी पदाधिकारीसँग शिष्टाचार भेट, औपचारिक वार्ता वा बैठक गर्ने सम्बन्धमा मन्त्रालय मार्फत पत्राचार गर्नु पर्नेछ। त्यस्तो भेट, वार्ता वा बैठकमा भएका छलफल तथा कुराकानीको महत्वपूर्ण अंशको संक्षिप्त टिपोट मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिसँग बैठक, छलफल वा वार्ता गर्दा मुलुकको प्रचलित नीति तथा कानूनको अधीनमा रही आफ्नो पदीय कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मात्र कुराकानी गर्नु पर्नेछ।

(९) नेपालमा विदेशी पदाधिकारीसँग औपचारिक भेटघाट, छलफल वा वार्ता गर्दा वार्तास्थल वा कक्षमा नेपालको झण्डा, नक्सा र नेपाली साँस्कृतिक महत्त्व झल्काउने स्वदेशी उत्पादनका कलात्मक वस्तु, चित्र तथा शिल्पद्वारा सुसज्जित गर्नु पर्नेछ।

(१०) राजनीतिक दलका पदाधिकारीले विदेशी पदाधिकारीसँग भेटघाट, बैठक, छलफल वा वार्ता गर्दा राष्ट्रिय स्वाधीनता, राष्ट्रिय हित, राष्ट्रिय सम्मान, राष्ट्रिय स्वाभिमान, आफ्नो मर्यादा र कूटनीतिक मर्यादाको ख्याल गर्नुपर्नेछ ।

५. <u>औपचारिक समारोहको आयोजना, सहभागिता र शिष्टाचार</u>: (१) सार्वजनिक पद धारण गरेको व्यक्ति विदेशी पदाधिकारीको नेपाल भ्रमणको अवसरमा आयोजना गरिने औपचारिक समारोह, दिवाभोज र रात्रिभोज तथा विदेशी नियोगद्वारा राष्ट्रिय दिवसका उपलक्ष्यमा आयोजना गरिने औपचारिक समारोह र सरकारी कार्यक्रमहरूमा मात्र सहभागी हुन सक्नेछ।

(२) उपदफा (१) मा उल्लिखित बाहेकका अन्य किसिमका दिवाभोज, रात्रिभोज लगायत सामाजिक वा मनोरञ्जनात्मक कार्यक्रमहरूको निमन्त्रणा स्वीकार गर्दा निमन्त्रणा गर्नेको स्तर, उपलब्ध भएसम्म अन्य आमन्त्रित व्यक्तिहरूको स्तर र समारोहको प्रकृति तथा निमन्त्रणाको उद्देश्यका आधारमा उपयुक्तता हेरी त्यस्तो निमन्त्रणा स्वीकार गर्नु पर्नेछ। निमन्त्रणा प्राप्त भएको कुनै कार्यक्रममा सहभागी हुन उपयुक्त हुने हो वा होइन भन्ने द्विविधा भएमा मन्त्रालयको शिष्टाचार महाशाखाको परामर्श लिन सकिनेछ।

(३) औपचारिक वा सामाजिक वा सार्वजनिक समारोह वा मनोरञ्जनात्मक कार्यक्रममा सरिक हुने सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राजनीतिक दलका पदाधिकारीले पहिरन, बोलीचाली, कुराकानी र खानपानमा आफ्नो पदीय मर्यादा अनुकूल शिष्ट र सौम्य व्यवहार गर्नु पर्नेछ।

(४) सार्वजनिक पदधारण गरेको व्यक्तिले राष्ट्रिय दिवस लगायत विभिन्न अवसरमा आयोजना गर्ने दिवाभोज, रात्रिभोज, जलपान तथा स्वागत समारोहजस्ता कार्यक्रममा विदेशी पदाधिकारीलाई आमन्त्रण गर्दा पारस्परिकता, पाहुनाको स्तर तथा नेपाल र नेपालीप्रति सद्भाव, सदाशय र सहयोगजस्ता विषयहरू हेरी उपयुक्त व्यक्तिलाई मात्र आमन्त्रण गर्नु पर्नेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

६. <u>विदेशीसँगका सम्झौता, प्रतिबद्धता एवं कूटनीतिक पत्राचार</u>: (१) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग कुनै किसिमको सम्झौता वा समझदारी गर्दा वा कुनै दायित्व सिर्जना हुने अवस्थामा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ र नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ बमोजिम सम्वन्धित निकाय वा मन्त्रालयको पूर्व सहमति आवश्यक पर्ने विषयमा पूर्व सहमति लिनु पर्नेछ।

(२) नेपाल सरकार पक्ष हुने वा नेपाल सरकारलाई आर्थिक, न्यायिक, नैतिक वा कुनै पनि किसिमको दायित्व सिर्जना हुने खालको द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्झौता वा प्रतिवद्धता गर्दा सम्वन्धित मन्त्रालयसँग परामर्श तथा छलफल गरी अन्तिम मस्यौदामा अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र मन्त्रालयको सहमति लिनु पर्नेछ। त्यस्तो सन्धि, सम्झौता वा प्रतिवद्धता नेपाल सरकारले अवलम्बन गर्दै आएको विदेश नीति, अन्तर्राष्ट्रिय मान्यता साथै नेपालको राष्ट्रिय हित र स्वाभिमानको पक्षमा हुनु पर्नेछ।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था, विदेशी नियोग एवं विदेशी पदाधिकारीसँग गरिने पत्राचार नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ र नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ का अधीनमा रही मन्त्रालय मार्फत गर्नु पर्नेछ। त्यसरी गरिने पत्राचारका सम्बन्धमा कुनै सुझाव वा सल्लाह भए मन्त्रालयले सम्वन्धित निकायलाई शीघ्र उपलब्ध गराउनेछ।

(४) नेपालको प्रतिनिधित्व गरी सहभागी हुनुपर्ने अधिकारसम्पन्न सभा, सम्मेलन, बैठक वा वार्तामा जाने प्रतिनिधिले नेपाल सरकारवाट अधिकारपत्र लिएर जानु पर्नेछ। अधिकारप्राप्त अधिकारी वा निकायको पूर्व स्वीकृति वा अख्तियारी वा अधिकारपत्र नलिई कसैले पनि कुनै पनि प्रकारको सन्धि, सम्झौता, समझदारीपत्र वा प्रोटोकलमा हस्ताक्षर गर्नु हुँदैन।

(५) सार्वजनिक पद धारण गरेको व्यक्ति वा निकायले स्वदेश वा विदेशमा भएका बैठकहरूमा विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्था वा तिनका प्रतिनिधिसँग गरेको सन्धि सम्झौता तथा प्रतिबद्धता सम्वन्धमा मन्त्रालयलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(६) सार्वजनिक पद धारण गरेका व्यक्तिले आफूलाई अधिकार नभएका विषयमा आफ्नो मुलुकलाई दायित्व सिर्जना हुने गरी कुनै प्रकारको प्रतिवद्धता व्यक्त गर्न वा स्वीकार गर्न हुँदैन। राजनीतिक दलका पदाधिकारीले नेपाल सरकार वा कुनै निकायको विषय वा कार्यक्षेत्रभित्र पर्ने विषयमा छलफल गर्न वा प्रतिवद्धता जनाउन हुँदैन।

(७) सार्वजनिक निकायले विदेशी सरकार वा निकाय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग पत्राचार तथा सम्पर्क गर्न नेपाली सम्पर्क विन्दू तोक्दा कुनै व्यक्ति विशेषलाई नतोकी नेपाल सरकारको सम्वन्धित निकाय र पदलाई तोक्नु पर्नेछ। त्यसरी तोकिएको सम्पर्क विन्दूको ठेगाना उल्लेख गर्दा सम्बन्धित सार्वजनिक निकायको ठेगाना तथा कार्यालयको आधिकारिक ईमेल, फोन र फ्याक्स उल्लेख गरी पठाउनु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

७. <u>विदेशी पदाधिकारीको नेपाल भ्रमण:</u> (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले विदेशी सरकारका समकक्षी वा सम्बन्धित संस्थाको उपयुक्त तहको विदेशी पदाधिकारीलाई मात्र नेपाल भ्रमणको लागि निमन्त्रणा गर्नु पर्नेछ। त्यस्तो भ्रमणको लागि आमन्त्रण गर्नु अघि मन्त्रालयको सहमति लिनु पर्नेछ।

(२) विदेशी पदाधिकारीले नेपालको कुनै स्थानमा भ्रमण गर्न चाहेमा भ्रमणको उद्देश्य सहित मन्त्रालयलाई पत्राचार गर्नु पर्नेछ। भ्रमणको उद्देश्य तथा औचित्य विचार गरी मन्त्रालयले त्यस्तो भ्रमणको सहमति दिन सक्नेछ।

८. <u>विदेश भ्रमण, प्रतिनिधित्व, प्रस्तुतीकरण एवं प्रतिवेदन:</u> (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले द्विपक्षीय भ्रमण गर्दा सम्बन्धित मुलुकको समकक्षी वा सम्बन्धित संस्थाको उपयुक्त तहको पदाधिकारीको निमन्त्रणामा मात्र भ्रमण गर्नु पर्नेछ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले विदेश भ्रमण गर्दा सङ्घको हकमा सम्बन्धित मन्त्रालय, आयोग वा निकायले मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ तथा प्रदेशको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानीय तहको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) विदेश भ्रमणको लागि आमन्त्रण गर्ने व्यक्ति वा निकाय र आमन्त्रित पदाधिकारीको पदीय मर्यादाक्रम, मुलुकको लागि प्रस्तावित कार्यक्रमको उपादेयता, प्रस्तावित कार्यक्रम मुलुकको वैदेशिक एवं राष्ट्रिय नीति तथा कार्यक्रम अनुकूल भए नभएको लगायतका पक्षहरूको समीक्षा गरी मन्त्रालयले भ्रमणको सहमति दिन सक्नेछ।

(४) विदेश भ्रमणका लागि सार्वजनिक पद धारण गरेको व्यक्ति र नेपालको प्रतिनिधित्व गर्ने भ्रमण टोलीको मनोनयन गर्दा भ्रमणसम्बन्धी विषय एकभन्दा बढी निकायसँग सम्बन्धित देखिएमा उपयुक्त निकायका प्रतिनिधिलाई समेत समेटी आवश्यक प्रक्रिया पुऱ्याइ अख्तियार प्राप्त निकाय र पदाधिकारीले मात्र मनोनयन गर्नु पर्नेछ।

(५) वैदेशिक भ्रमणको स्वीकृतिको लागि पेश गर्दा भ्रमण गर्ने मुलुक, भ्रमणको उद्देश्य, कार्यक्रम र किसिम, भ्रमणबाट अपेक्षित नतिजा, भ्रमण टोलीको नेतृत्व गर्ने पदाधिकारी र भ्रमणमा सहभागी हुने सदस्यको दर्जासमेत खुलाउनु पर्नेछ।

(६) विदेशमा हुने बैठकमा मनोनयन गर्दा सहभागीको दर्जा अनुसार प्रोटोकल मिलाई भ्रमण टोलीको नेता तथा अन्य सदस्यहरूको मनोनयन गर्नु पर्नेछ।

(७) सरकारी कामको सिलसिलामा विशिष्ट श्रेणी वा सोभन्दा माथिल्लोस्तरबाट प्रतिनिधित्व भई विदेश भ्रमणमा जाने प्रतिनिधिमण्डलमा सम्भव भएसम्म सम्बन्धित मुलुक हेर्ने नेपाली राजदूतावासबाट र आवश्यकता अनुसार मन्त्रालयबाट प्रतिनिधित्व गराउनु पर्नेछ।

(८) विदेशी पदाधिकारी वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको निमन्त्रणामा नेपालको प्रतिनिधिमण्डलले गर्ने विदेश भ्रमण वा सहभागितासम्बन्धी लेखापढी मन्त्रालय मार्फत गर्नु

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

पर्नेछ। प्रस्तावित कुनै भ्रमणको उपयुक्ततासम्वन्धी मन्त्रालयको अन्यथा राय भएमा सोको कारणसहित पुनर्विचारको लागि यथाशीघ्र सम्बन्धित निकायलाई जानकारी दिइनेछ।

(९) नेपालको तर्फवाट प्रतिनिधित्व हुने वैदेशिक भ्रमणमा नेपाल सरकारको मनोनयन तथा निर्णय नभई सहभागी हुन पाइने छैन। सार्वजनिक पद धारण गरेको व्यक्तिले विदा लिई सरकारी प्रतिनिधिको हैसियतमा वैदेशिक भ्रमणमा जान पाउने छैन।

(१०) सार्वजनिक पद धारण गरेको व्यक्तिमध्ये विशिष्ट श्रेणी वा सो सरहका पदमा रहेका व्यक्तिले नेपाल सरकारलाई प्राप्त वैदेशिक तालिममा भाग लिनु हुँदैन।

(११) सार्वजनिक पद धारण गरेका व्यक्तिले गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आयोजना गरेको वा त्यस्ता संस्थावाट प्रायोजित कार्यक्रममा भाग लिनु हुँदैन।

तर मुलुकलाई आवश्यक पर्ने कुनै खास प्रकृतिको कार्यक्रम वा नेपाल सरकारसँगको सहकार्यमा आयोजित कार्यक्रममा सम्वन्धित मन्त्रालयबाट पूर्व स्वीकृति लिई भाग लिन बाधा पर्ने छैन।

(१२) सम्झौताको शर्तमा उल्लेख भएको अवस्थामा बाहेक सम्झौता वा ठेक्कामा सञ्चालित आयोजना वा खरिद सम्झौताको पक्ष, व्यवसायी वा परामर्शदाताको खर्चमा सार्वजनिक पद धारण गरेको व्यक्तिले विदेश भ्रमणमा जान हुँदैन।

(१३) द्विपक्षीय वा बहुपक्षीय बैठक, वार्ता वा नेपाल सदस्य भएका अन्तर्राष्ट्रिय सङ्घ संस्थाको वार्षिक वा आवधिक अधिवेशन वा नेपालको प्रतिनिधित्व गर्नु पर्ने कूटनीतिक भ्रमण वा बैठक वा सभामा गरिने सम्बोधन, भाषण वा छलफलको विषयवस्तु, सम्मेलनमा प्रस्तुत हुने आधिकारिक अवधारणापत्र वा कार्यपत्र वा कुनै पनि किसिमको मञ्चमा व्यक्त गरिने नेपालको धारणा सरोकारवाला निकाय र सम्बन्धित मन्त्रालयसँग परामर्श तथा छलफल गरी अन्तिम मस्यौदामा मन्त्रालयको सहमति लिनु पर्नेछ। यसको एक प्रति अभिलेखका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयमा प्रस्तुत गर्नु पर्नेछ।

(१४) विदेशमा हुने द्विपक्षीय र बहुपक्षीय बैठकमा विषयवस्तुको महत्त्वको आधारमा नेपाली नियोगवाट प्रतिनिधित्व गरे पुग्ने देखिएमा मन्त्रालयले सोहीबमोजिम व्यवस्था गर्नु पर्नेछ।

(१६) द्विपक्षीय वा बहुपक्षीय वार्ता, बैठक, सभा वा सम्मेलनमा भाग लिन विदेश भ्रमण गर्ने सार्वजनिक पद धारण गरेको व्यक्ति वा भ्रमण टोलीले भ्रमण सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र भ्रमण प्रतिवेदन तयार गरी सम्वन्धित निकाय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१७) सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा राहदानी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिमका राहदानी प्रयोग गर्नु पर्नेछ।

(१८) प्रदेश र स्थानीय तहका पदाधिकारीले यस आचारसंहिताका अतिरिक्त प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६ को समेत पालना गर्नु पर्नेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

९. <u>अवैतनिक वाणिज्यदूत (अनररी कन्सुल) सम्बन्धी:</u> विदेशस्थित नेपाली अवैतनिक महावाणिज्यदूत (अनररी कन्सुल जनरल) वा अवैतनिक वाणिज्यदूत (अनररी कन्सुल) ले नेपाल वा नेपाली नागरिकसम्बन्धी वा सम्बन्धित विदेशी राष्ट्रसँगको द्विपक्षीय राजनीतिक, आर्थिक, व्यापारिक, सांस्कृतिक र अन्य सम्बन्धबारे भएका कुराकानी, प्रकाशित सामग्री र आफ्नो जानकारीमा आएका नेपाललाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्ने अन्य विषय सम्बन्धमा सम्बन्धित नेपाली नियोग वा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

१०. <u>पोशाक र भाषा:</u> (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले नेपालको वा विदेशी मित्रराष्ट्रका राष्ट्रिय दिवसका उपलक्ष्यमा आयोजना हुने औपचारिक समारोह, दिवाभोज, रात्रिभोज, जलपानजस्ता कार्यक्रममा सहभागी हुँदा राष्ट्रिय पोशाक वा अन्तर्राष्ट्रिय प्रचलन अनुसारको औपचारिक पोशाक लगाउनु पर्नेछ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले विदेशी पदाधिकारीसँगको औपचारिक भेट, वार्ता र छलफलका समयमा अवसर सुहाँउदो मर्यादित पोशाक वा अन्तर्राष्ट्रिय प्रचलन अनुसारको औपचारिक पोशाक लगाउनु पर्नेछ।

(३) विदेशी पदाधिकारीसँगको सम्पर्क, सञ्चार तथा अन्तरक्रियामा शिष्ट एवं मर्यादित भाषाको प्रयोग गर्नु पर्नेछ। औपचारिक अन्तरक्रियाका सिलसिलामा भाषा अनुवादक आवश्यक भएमा आवश्यकता अनुसार मन्त्रालयलाई अनुरोध गर्न सकिनेछ।

(४) भाषाको प्रयोगमा शुद्धता, शिष्टता तथा बोधगम्यतामा ध्यान दिनु पर्नेछ।

११. <u>उपहार आदानप्रदान:</u> (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले सामान्य शिष्टाचारको सङ्केतस्वरूप प्राप्त हुने उपहार बाहेक नेपाल सरकारको अनुमतिमा मात्र विदेशी पदाधिकारी, संस्था वा अन्य व्यक्तिबाट उपहार लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिएको उपहार कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने र सम्बन्धित कार्यालयको जिन्सी खातामा आम्दानी बाँध्नु पर्नेछ।

(३) विदेशी पदाधिकारीलाई उपहार दिंदा विदेशी पदाधिकारीको संस्कृति र प्रचलन विपरीत नहुने गरी नेपाली मौलिकता र पहिचान झल्कने तथा गुणस्तरीय स्वदेशी उत्पादन दिनु पर्नेछ। त्यस्तो उपहारको नाम, उत्पादन भएको ठाउँ, विशेषता, बनोट, प्रयुक्त वस्तु, उपभोग गर्ने तरिका स्पष्ट खुल्ने लेवल राखी गुणस्तरीय प्याकिङ्ग गरिएको हुनु पर्नेछ।

१२. <u>कूटनीतिक जिम्मेवारी वहन गर्ने व्यक्तिले पालन गर्नुपर्ने आचरण:</u> (१) नेपाली नियोगका राजदूत, महावाणिज्यदूत तथा अन्य पदहरूमा काम गर्ने पदाधिकारीले अन्तर्राष्ट्रिय कूटनीतिक मूल्य, मान्यता, प्रचलन तथा मापदण्ड अनुरूपको आचरण गर्नु पर्नेछ।

(२) नेपाली नियोगमा कार्यरत नियोग प्रमुख तथा अन्य कर्मचारीहरूले कूटनीतिक सुविधा तथा उन्मुक्तिको दुरुपयोग गर्नु हुँदैन।

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(३) नेपाली नियोगमा कार्यरत नियोग प्रमुख वा निजको पति वा पत्नी वा अन्य कूटनीतिक पदाधिकारीले कुनै लाभको पद वा व्यावसायिक क्रियाकलापमा संलग्न हुनु हुँदैन।

तर, मन्त्रालयको स्वीकृति लिएर पदीय मर्यादा सुहाउँदो अध्यापन, अनुसन्धान, व्यवस्थापन जस्ता कार्यहरूमा संलग्न हुन बाधा पुग्ने छैन।

(४) कूटनीतिक थैली (Diplomatic Bag) व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्नु हुँदैन।

(५) नेपाली नियोगका प्रमुख वा अन्य पदाधिकारीले नेपाल सरकारको प्रचलित कानूनमा व्यवस्था भएको तथा मन्त्रालय वा नेपाल सरकारका अन्य निकायले कुनै निश्चित मापदण्ड, निर्देशिका वा निर्णय गरी तोकेको अवस्थामा बाहेक नेपाली वा विदेशीसँग कुनै प्रकारको शुल्क वा रकम उठाउनु हुँदैन।

१३. <u>गर्न नहुने कार्यः</u> यो आचारसंहिता पालना गर्नुपर्ने व्यक्तिले देहायका कार्यहरू गर्नु, गराउनु हुँदैनः-

(क) मित्रराष्ट्रहरूसँगको नेपालको विद्यमान सम्बन्धमा प्रतिकूल प्रभाव पर्ने गरी वक्तव्य दिन, प्रकाशन गर्न र गतिविधि सञ्चालन गर्न, मित्रराष्ट्रको आन्तरिक मामिलामा टिप्पणी गर्न वा त्यस्ता प्रकृतिका कुनै कार्यमा संलग्न हुन तथा विदेशी पदाधिकारीसमक्ष प्रचलित नेपाल कानून, नेपाल सरकारका औपचारिक नीति, योजना, घोषणा, निर्णय र स्वीकृत कार्यक्रमको विरोध वा सो सम्वन्धमा नकारात्मक टीकाटिप्पणी गर्न।

(ख) नेपाल पक्ष भएका द्विपक्षीय वा बहुपक्षीय सन्धि सम्झौताको प्रतिकूल हुने गरी कुनै कार्य गर्न वा त्यस्तो कार्यमा सरिक हुन।

(ग) नेपालका गोप्य एवं संवेदनशील राष्ट्रिय सूचना विदेशी पदाधिकारी वा विदेशी नियोगका प्रशासनिक वा प्राविधिक कर्मचारी वा स्थानीय कर्मचारी लगायत कसैलाई पनि उपलब्ध गराउन।

(घ) सरकारीस्तरमा विदेशीसँग वार्ता तथा सम्झौता भइरहँदा त्यसको परिणामलाई प्रभावित पार्ने गरी वार्ता तथा सम्झौतासम्बन्धी सूचना चुहाउन वा सार्वजनिक गर्न।

(ङ) नेपाल सरकार वा सम्बन्धित निकायको पूर्व स्वीकृति नलिई कुनै विदेशी पदाधिकारीबाट खास अवसरमा दिइने सामान्य उपहार बाहेक अन्य उपहार, दान दातव्य, ऋण, पारिश्रमिक वा विशेष सदाशयता वा लाभ स्वीकार गर्न।

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "खास अवसर" भन्नाले राष्ट्रिय दिवस एवं विभिन्न तहमा हुने द्विपक्षीय भ्रमणका आदानप्रदान तथा शिष्टाचार वा विदाइ भेटघाटका अवसरलाई सम्झनु पर्छ।

(च) सार्वजनिक पद धारण गरेका सुरक्षा निकायका व्यक्ति समेतले नेपाल सरकारको स्वीकृति नलिई विदेशी पदाधिकारी वा संस्थासँग कुनै गोप्य परियोजना लिन वा स्वीकार गर्न।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(छ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विदेशी कम्पनी वा सङ्घ संस्थाको स्थापना, दर्ता तथा व्यवस्थापनमा साझेदार वा सहयोगी हुन।

(ज) विदेश भ्रमणमा जाने उद्देश्य राखी विदेशी राष्ट्र वा विदेशी नियोगबाट स्पष्ट आधार र औचित्य नभएको अवलोकन भ्रमण तथा कार्यक्रमका लागि वा नामै तोकेर वा आफूमात्र उम्मेदवार हुन सक्ने मापदण्ड तोकिएको निमन्त्रणा प्राप्त गर्न वा प्राप्त गर्ने प्रयत्न गर्न।

(झ) राजनीतिक वा व्यक्तिगत वा निश्चित व्यक्ति वा समूहको मात्र हित हुने निहित उद्देश्यका योजनामा लगानी गर्न वा सहयोग रकम जुटाइदिन कुनै विदेशी पदाधिकारी, अन्तर्राष्ट्रिय सङ्घ संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका पदाधिकारीसँग लेखापढी, सम्पर्क, भेटघाट वा आग्रह गर्न।

(ञ) नेपाल सरकारले मान्यता नदिएका मुलुक, विदेशी सङ्घ संस्था तथा त्यस्ता सङ्घ संस्थाका प्रतिनिधिहरूसँग पत्राचार तथा भेटघाट गर्न र त्यस्ता सङ्घ संस्था वा व्यक्तिले आयोजना गर्ने कार्यक्रममा सहभागी हुन।

(ट) नेपाल सरकारको पूर्व सहमति विना शैक्षिक उपाधि वा अध्ययनसँग प्रत्यक्ष सम्बन्ध राख्ने तथा शैक्षिक विशिष्टताका आधारमा दिइने मान्यता वा सम्मान बाहेक अन्य विदेशी विभूषण, पदक, सम्मान वा मानार्थ उपाधि स्वीकार गर्न।

(ठ) औपचारिक कार्यक्रम वा विधिवत स्वीकार गरिएको निमन्त्रणामा बाहेक नेपालस्थित विदेशी नियोग परिसर वा आवासमा प्रवेश गर्न।

(ड) व्यक्तिगत लाभ, महङ्गा उपहार, आफू वा आफ्नो परिवार वा अरू कसैका लागि रोजगारी, छात्रवृत्ति, स्वास्थ्योपचार जस्ता व्यक्तिगत लाभजन्य अवसर प्राप्त गर्न वा प्राप्त गर्ने प्रयत्न गर्न।

१४. <u>आचारसंहिता पालना अनुगमन समितिः</u> (१) कूटनीतिक आचारसंहिता पालनाको अनुगमनका लागि देहाय बमोजिमको एक उच्चस्तरीय अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| (क) परराष्ट्र मन्त्री | संयोजक |
| (ख) नेपाल सरकारको मुख्यसचिव वा निजले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिव | सदस्य |
| (ग) सचिव, मन्त्रालय | सदस्य |
| (घ) सचिव, गृह मन्त्रालय | सदस्य |
| (ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (च) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (छ) शिष्टाचार महापाल, मन्त्रालय | सदस्य सचिव |

(२) अनुगमन समितिका संयोजकले आवश्यकता अनुसार समितिको बैठक बोलाउन सक्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम बोलाइने बैठकमा अनुगमन समितिले आवश्यक सम्झेका कुनै पदाधिकारी वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) अनुगमन समितिले आवश्यकता अनुसार यस आचारसंहिताको पालनाका लागि जुनसुकै व्यक्ति वा निकायलाई लिखित वा मौखिक रूपमा ध्यानाकर्षण गराउन सक्नेछ।

(५) अनुगमन समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

(६) यो आचारसंहिता पालना गर्नुपर्ने व्यक्तिले आचारसंहिता विपरीत आचरण गरेको पाइएमा कुनै पनि व्यक्तिले मन्त्रालयको शिष्टाचार महाशाखा समक्ष सोको उजुरी दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम उजूरी प्राप्त भएमा वा अन्य कुनै स्रोतबाट जानकारी प्राप्त भएमा मन्त्रालयको शिष्टाचार महाशाखाले आवश्यक जाँचबुझ गरी अनुगमन समिति समक्ष पेश गर्नेछ।

(८) उपदफा (७) बमोजिम जाचँबुझ गर्दा आचारसंहिता उल्लंघन भएको पाइएमा कर्मचारीको हकमा सम्बन्धित निकाय वा मन्त्रालय र अन्य पदाधिकारीको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइनेछ।

(९) यस आचारसंहिताको गम्भीर उल्लङ्घन भएको पाइएमा सोको जानकारी आचारसंहिता पालना अनुगमन समितिका संयोजकले सिधै प्रधानमन्त्री समक्ष प्रस्तुत गर्न सक्नेछ।

१५. विविधः (१) संवैधानिक निकाय, निजामती सेवा, सुरक्षा निकाय तथा नेपाल सरकारका अन्य विभिन्न निकायका हकमा नेपाल सरकारबाट स्वीकृत भई प्रचलनमा रहेका सम्बन्धित आचारसंहिता लागू गर्न यस आचारसंहिताले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) यो आचारसंहिता तथा कुनै सार्वजनिक निकायको आचारसंहिताको पालना सम्बन्धमा द्विविधा उत्पन्न भएमा कूटनीतिक मर्यादा र शिष्टाचारका हकमा यसै आचारसंहिता बमोजिम हुनेछ।

(३) यस आचारसंहितामा जुनसुकै कुरा लेखिएको भएतापनि विकास सहायता परिचालन सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूले विकास साझेदारसँग सम्पर्क, भेटघाट, छलफल, वार्ता, बैठक वा पत्राचार गर्दा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति एवं प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्डमा उल्लिखित व्यवस्था बमोजिम गर्नु पर्नेछ।

१६. खारेजी र बचाउः (१) कूटनीतिक आचारसंहिता, २०६८ खारेज गरिएको छ।

(२) कूटनीतिक आचारसंहिता, २०६८ बमोजिम भए गरेका काम कारबाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार